शंखरापुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
साँखु, काठमाडौँ
३ नं प्रदेश, नेपाल

# आन्तरिक आय तर्फको शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/३/१७

यस शंखरापुर नगरपालिका क्षेत्र भित्रका भित्री नगरस्तरीय सडक (राष्ट्रिय स्तरका मुल सडक बाहेक) बाट निकासी पैठारी हुने ढुंगा, माटो, गिट्टी, बालुवा, ग्रावेल र चिप्स जस्ता खानीजन्य पदार्थहरुको यसै नगरपालिका क्षेत्र भित्रबाट कानुन सम्बत् रुपमा संचालन भई उत्पादन भएका खानीजन्य पदार्थ बोकेका सवारी साधन तथा यस नगरपालिका क्षेत्रभन्दा बाहिर अन्य स्थानिय निकायका खानीबाट उत्पादन भई यस नगरपालिका क्षेत्रको भित्री सडक हुँदै यस नगरपालिका भन्दा बाहिर निकासी हुने खानीजन्य सवारी साधनहरुबाट तपसिलमा तोकिए बमोजिमको स्थानिय सडक मर्मत संभार शुल्क दस्तुर उठाउने सम्बन्धमा आन्तरीक आय सम्बन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यस नगरपालिकाले तोकेको शर्तको अधिनमा रही कर दस्तुर शुल्क संकलन गर्ने ठेक्का लिन इच्छुक (मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०७५/०७६ सम्मको फर्म नविकरण तथा आ.व. २०७४/०७५ सम्मको आयकर चुक्ता प्रमाणपत्र भएका) फर्म वा कम्पनीबाट तोकिएको न्युनतम अंकमा नघट्ने गरि निम्न अनुसारको बिषय क्षेत्र भित्र बोलपत्र फाराम खरिद गरि यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन अर्थात (मिति २०७६/४/१५ गते) कार्यालय समय भित्र बोलपत्र फारम खरिद गरी त्यसको भोली पल्ट अर्थात मिति २०७६/४/१६ गते दिनको १२ बजे भित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं | निकासी हुने पदार्थको विवरण | सवारी साधनको विवरण | तोकिएको स्वीकृत उठाउन पाउने स्थानिय सडक मर्मत संभार शुल्क दस्तुर | | कुल न्युनतम कबुल अंक (मुल्य अभिबृद्धि कर बाहेक) | बोल पत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | यसै नगरपालिका क्षेत्र भित्र संचालित खानीबाट उत्पादित खानीजन्य पदार्थ बोकेको सवारी साधनको हकमा | अन्य स्थानिय निकायबाट भित्रीएका सवारी साधनको हकमा | | | |
| SMO/NCB/16/2075-76 | ढुंगा, माटो, गिट्टी, बालुवा, ग्रावेल र चिप्स | टिपर/ट्रक (ठूला) | रु. ९०० | रु. ३०० | १,३०,००,०००/- | ३,०००/- | |
| | | आइचर (मझौला) | रु. ७०० | रु. २०० | | | |
| | | निसान ( साना) | रु. ५०० | रु. १०० | | | |
| | | ट्याक्टर | रु. २०० | रु. १०० | | | |
| | माटो | टिपर/ट्रक (ठूला) | रु. ३०० | रु. ३०० | | | |
| | | आइचर (मझौला) | रु. २०० | रु. २०० | | | |
| | | निसान ( साना) | रु. १०० | रु. १०० | | | |
| | | ट्याक्टर | रु. १०० | रु. १०० | | | |

- बोलपत्रका शर्त तथा अन्य विस्तृत विवरणहरु यस कार्यालयको सूचना पाटी तथा यस नगरपालिकाको वेवसाइट www.shankharapurmun.gov.np तथा बोलपत्र फारमबाट प्राप्त गर्न सकिने छ ।

## शर्तहरु

१. तोकिएका सवारी साधनलाई तोकिएको प्राकृतिक श्रोत साधनको लागि माथि उल्लेखित दररेटमा फरक पर्ने गरि शुल्क उठाउन पाउने छैन ।

२. आ.व. २०७५।०७६ को कर संकलन मिति २०७६ भाद्र ७ गते देखि लागु हुनेछ ।

३. बोलपत्र फारामसाथ धरौटी बापत  कबोल अंकको ५ प्रतिशतले हुन आउने जमानत बापतको रकम यस कार्यालयको बैंक अफ काठमाडौं, साँखु मा रहेको धरौटी खाता नं ०१३२०००००१९४५२४ मा रकम जम्मा गरेको सक्कलै भौचर वा सूचना मा जारी भएको मितिले कम्तीमा १२० दिनको म्याद भएको यस कार्यालयको नाममा जारी गरीएको नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क बर्गको बाणिज्य बैंकको बैंक ग्यारेन्टी (बिड बन्ड) पेश गर्नुपर्ने छ ।

४. बोलपत्र खरिद एवं दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो दिन पछी कार्यालय खुलेको दिनलाई क्रमशः अन्तिम दिन मान्नेछ ।

५. बोलपत्र दाताले आफुले कबुल गरेको रकम सम्झौता गर्न आउँदा एकमुष्ट यस कार्यालयको बैंक अफ काठमाडौं, साँखुमा रहेको  आन्तरीक मुल कोष खाता नं ०१३२०००००१९०५२४ मा जम्मा गरेको सक्कलै भौचर यस कार्यायलमा पेश गर्नुपर्ने छ ।

६. बोलपत्र स्वीकृत भई सम्झौता भएपछि कुनै किसिमको छुट, मिनाहा वा माफि दिइने छैन ।

७. बोलपत्र स्वीकृत गर्ने आसय को सूचना प्रकाशित भए पश्चात निर्धारित समय भित्र यस कार्यालयमा सम्झौता गरि सक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौती जफत ुहने छ ।

८. बोल पत्र दाताले बोलपत्र फाराममा ठेक्का नं, नाम, तथा बोलपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरिकन स्पट संग लेख्नु पर्नेछ । अंक र अक्षर फरकम परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

९. प्रस्तावित न्युनतम कवुल अंक गत विगतका कर संकलन विवरणलाई आधार मानी प्रस्ताव गरीएको हुँदा बन्द, हडताल तथा नगरपालिकाकै निर्णयले पनि सवारी साधानको आवत जावतमा कमि वा बन्द भएमा सो कुराको जोखिम बोलपत्र दाता स्वयमं आफैंले बहन गर्नुपर्नेछ । पछि सो सम्बन्धी कुनै पनि विवाद गर्न र छुट मिनाहा माग्न पाइने  छैन ।

१०. म्याद नाघी वा रित नपुगेको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

११. विशेष अवस्थामा सूचनामा उल्लेखित शर्त र समय हेरफेर गर्न र बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । यस सम्बन्धी बृस्तृत जानकारी यस नगरपालिकाकको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

१२. प्राप्त हुन आएका बोलपत्रहरु बोलपत्र दर्ता गर्ने म्याद सकिएको दिन, दिनको ठिक १ बजे प्रस्ताव दाताहरु वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । प्रस्ताव खोल्ने समयमा प्रस्तावदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि प्रस्ताव खोल्न कुने बाधा हुने छैन ।

१३. नेपाल सरकारको प्रचलित कानुन बमोजिम लाग्ने आयकर, मुल्य अभिबृद्धीकर तथा शुल्कहरु प्रस्तापक स्वयमले तिर्नुपर्ने छ ।

१४. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएका कुराको हकमा प्रचलित कानुन तथा यस नगरपालिकाको निर्णय बमोजिम हुनेछ ।

# शंखरापुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

साँखु, काठमाण्डौं ।

आ.व. २०७६/०७७ को लागि स्थानिय सडक मर्मत संभार शुल्क दस्तुर संकलनको लागि

**बोलपत्र फाराम**

ठेक्का नं: SMO/NCB/16/2075-76

न्युनतम  कबोल अंक: १,६०,००,००००/- (एक करोड साठी लाख मात्र)

| आय ठेक्का नं | निकासी हुने पदार्थको विवरण | सवारी साधनको विवरण | तोकिएको स्वीकृत उठाउन पाउने स्थानिय सडक मर्मत संभार  शुल्क दस्तुर | | कुल न्युनतम कबुल अंक (मुल्य अभिबृद्धि कर बाहेक) | बोल पत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | यसै नगरपालिका क्षेत्र भित्र संचालित खानीबाट उत्पादित खानीजन्य पदार्थ बोकेको सवारी साधनको हकमा | अन्य स्थानिय निकायबाट भित्रीएका सवारी साधनको हकमा | | | |
| SMO/NCB/16/2075-76 | ढुंगा, माटो, गिट्टी, बालुवा, ग्रावेल र चिप्स | टिपर/ट्रक (ठूला) | रु. ९०० | रु. ३०० | १,६०,००,०००/- | ३,०००/- | |
| | | आइचर (मझौला) | रु. ७०० | रु. २०० | | | |
| | | निसान ( साना) | रु. ५०० | रु. १०० | | | |
| | | ट्याक्टर | रु. २०० | रु. १०० | | | |
| | माटो | टिपर/ट्रक (ठूला) | रु. ३०० | रु. ३०० | | | |
| | | आइचर (मझौला) | रु. २०० | रु. २०० | | | |
| | | निसान ( साना) | रु. १०० | रु. १०० | | | |
| | | ट्याक्टर | रु. १०० | रु. १०० | | | |

बोलपत्र दाताले कबुल गर्न चाहेको रकम (भ्याट बाहेक) अंकमा  रु........................................................................................................

बोलपत्र दाताले कबुल गर्न चाहेको रकम (भ्याट बाहेक) अक्षरम..............................................................................................................

**बोलपत्र दाताको विवरण**

फर्मको नाम:

प्रोप्राइटरको नाम:

स्थायी ठेगाना:  जिल्ला:................  न.पा/गा.पा:................................वडा न**........**

दस्तखत:................................टेलिफोन न**....................**मोवाइल नं:**................**

सम्पर्क ठेगाना:  जिल्ला:................  न.पा/गा.पा:................................वडा नं**.......**

दस्तखत :........................टेलिफोन नं :......................मोवाइल नं:.....................

फर्मको छाप: